# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको (Proactive Disclosure) विवरण

सूचना सार्वजनिक गर्ने निकायको नामः- इलाका प्रशासन कायालय, लमही, दाङ ।

सूचना सार्वजनिक गरेको अवधि- २०८१ श्रावण देखि २०८२ असार मसान्त सम्म ।

१. निकायको स्वरुप र प्रकृतिः-

यस इलाका क्षेत्रका नागरिकहरुको लागि प्रत्यायोजित अधिकार बमोजिम दैनिक सेवा प्रवाह गर्दै शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको रक्षा गर्नुका साथै विकास निर्माण कार्यमा सहजीकरण गर्नु स्थानीय प्रशासनको मुख्य उद्देश्य हो। इलाका प्रशासन कार्यालयलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्ने दिशामा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने लमही न.पा., राप्ती गाउँपालिका, गढवा गाउँपालिका र राजपुर गाउँपालिका रहेका छन । यस कार्यालयबाट नागरिकको अत्यावश्यक कामहरु नागरिकता प्रमाणपत्र जारी गर्ने, नाबालक परिचय पत्र जारी गर्ने, राष्ट्रिय परिचय पत्र जारी गर्ने, राहदानीको विवरण संकलन गरी प्राप्त राहदानी वितरण गर्ने, विभिन्न जातजाती सिफारिस र प्रमाणित गर्ने लगायतका कामहरु गरिन्छ।

२. दृष्टिकोण

नेपालको संविधान तथा प्रचलित कानुनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्ने गरी कार्य गर्नु गराउनु गृह प्रशासनको दृष्टिकोण भए अनुरुप सोही दृष्टिकोण पूरा गर्नका लागि इलाका प्रशासन कार्यालयको स्थापना भएको हो ।

३. लक्ष्य

यस कार्यालयको क्षेत्र भित्रका जनताको माग र आधारभुत आवश्यकता अनुरुप स्थानीय प्रशासनलाई नियमित, व्यवस्थित र प्रभावकारी बनाई नागरिक सेवा प्रवाह (Service Delivery) गर्दै भरपर्दो शान्ति व्यवस्था र सुरक्षा प्रदान गर्नु समेत यस कार्यालयको लक्ष्य रहेको छ ।

४. उद्देश्य

यस कार्यालयको क्षेत्राधिकारभित्रका नागरिकहरुको लागि सरल र सहज रुपमा नागरिक सेवा प्रवाह गर्दै शान्ति व्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु यस कार्यालयको मूलभूत उद्देश्य हो ।

५. निकायको काम, कर्तव्य र अधिकार

- नागरिकता प्रमाणपत्र जारी गर्ने
- आन्तरिक सुरक्षा सम्बन्धी नीति, योजना तथा स्थानीय स्तरमा कार्यक्रमको कार्यान्वयन
- इलाका क्षेत्रभित्र शान्ति व्यवस्था र सुरक्षा कायम राख्ने

अनिल रिजाल
शाखा अधिकृत

- विद्युतीय राहदानीका लागि वैयक्तिक विवरण संकलन गरी पठाउने र प्राप्त राहदानी वितरण गर्ने
- नाबालक परिचय पत्र जारी गर्ने
- राष्ट्रिय परिचयपत्रका लागि जैविक विवरण संकलन र वितरण
- इलाका क्षेत्र भित्रका कार्यालय/संघ/संस्था निरीक्षण तथा अनुगमन
- इलाका क्षेत्र भित्र बजार अनुगमन, नियमन तथा नियन्त्रण
- जातजाती प्रमाणित
- विविध सिफारिस तथा प्रमाणित

६. **निकायमा रहने कर्मचारीको संख्या र कार्यविवरणः-**

कार्यालयको कुल स्थायी दरबन्दी संख्या ................................ ८

हाल कार्यरत स्थायी कर्मचारी ............................................ ८

रिक्त संख्या .................................................................. ०

७. **कर्मचारी दरबन्दी विवरण**

- शाखा अधिकृत (रा.प.तृतीय) ............................................ १
- नायव सुब्बा (रा.प.अन.प्रथम) ............................................ ३
- कम्प्यूटर अपरेटर (रा.प.अनं.प्रथम) ....................................... १
- सह-लेखापाल (रा.प.अन.द्वित्तिय) ......................................... १
- का.स. (श्रेणी विहिन) ........................................................ २
- दर्ता अपरेटर.................................................................. २
- दर्ता सहायक................................................................... १

८. कार्य विभाजन- फाँट अनुसार

क) नागरिकता फाँट

ख) प्रशासन फाँट

ग) लेखा फाँट

घ) सूचना प्रविधि फाँट

ङ) राष्ट्रिय परिचयपत्र शाखा

९. **निकायबाट प्रदान गरिने सेवाः-**

- नयाँ नागरिकता तथा प्रतिलिपी नागरिकता वितरण
- राहदानी सिफारिस तथा वितरण
- नाबालक परिचयपत्र
- ठाडो उजुरी दर्ता, कारवाही र किनारा
- राष्ट्रिय परिचयपत्र वितरण

नेपाल सरकार गृह मन्त्रालय इलाका प्रशासन कार्यालय लमही, दाङ

अनिल रिजाल शाखा अधिकृत

१०. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:- अनिल रिजाल शाखा अधिकृत

- नागरिकता शाखा
- नागरिकता प्रतिलिपी शाखा
- राहदानी शाखा
- प्रशासन तथा ठाडो उजुरी शाखा

} फाँट प्रमुख / शाखा अधिकृत

११. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :- यस कार्यालयबाट प्रवाह हुने सेवामा टिकट वाहेक अन्य कुनै दस्तुर नलाग्ने ।

**नेपाल सरकार**

गृह मन्त्रालय

# इलाका प्रशासन कार्यालय

लमही, दाङ

## नागरिक वडापत्र

| क.सं. | सेवाको विवरण | आवश्यक पर्ने कागजात/प्रमाणहरु | सेवा प्राप्त गर्न लाग्ने समय | सेवा प्राप्त गर्न लाग्ने शुल्क | जिम्मेवार कर्मचारी | गुनासो सुन्ने अधिकारी | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | नागरिकता | | | | | | |
| १.१ | बंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र | • अनुसुची १ फारममा स्थानीय तहको सिफारिस<br>• बाबुको ना.प्र.प., सो नभए आमा, दाजु/भाइ वा बंशज खुल्ने निजको नातेदारको ना.प्र.प., सोको नाता प्रमाणित वा बंशज खुल्ने अन्य प्रमाण र सनाखत<br>• विवाहित महिलाको हकमा पतिको ना.प्र.प., माइतीतर्फको बंशज खुल्ने ना.प्र.प., विवाहदर्ता प्रमाणपत्र र सनाखत<br>• जन्म मिति खुल्ने प्रमाण, शैक्षिक प्रमाणपत्र<br>• जन्म दर्ताको प्रमाणपत्र<br>• बसाईसराई गरी आउनेहरुको हकमा बसाईसराई प्रमाणपत्र र जग्गाधनी दर्ता प्रमाणपत्र वा सम्पत्ति कर, विद्युत, खानेपानी महसुल रसिद, घरकर रसिद<br>• हालसालै खिचिएको दुबै कान र अनुहार प्रष्ट देखिने २ प्रति फोटो | प्रमाण पुगेको भए सोही दिन | रु.१० को टिकट | सम्बन्धित फाँट प्रमुख | कार्यालय प्रमुख/ शा.अ. | |
| १.२ | कर्मचारी परिवारको नाताले ना.प्र.प. लिँदा (सरकारी, | • कर्मचारी भएको प्रमाण<br>• स्थानीय तहको सिफारिस सहितको | प्रमाण पुगेको भए सोही | रु.१० को टिकट | सम्बन्धित फाँट प्रमुख | कार्यालय प्रमुख/ शा.अ. | |

नेपाल सरकार गृह मन्त्रालय इलाका प्रशासन कार्यालय लमही, दाङ

अनिल रिजाल शाखा अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | संस्थान र सामुदायिक विद्यालय) | अनुसुची फारम -२ प्रति<br>• सम्बन्धित कार्यालयको सिफारिस पत्र<br>• फोटो २ प्रति<br>• पिता वा पतिको ना.प्र.प. सहित सनाखत | | | | | |
| १.३ | नेपाली नागरिकताको प्रतिलिपी | • तोकएको ढाँचा (अनुसूची २) बमोजिम स्थानीय तहको सिफारिस<br>• ना.प्र.प.नं. वा जारी मिति खुलेको प्रमाण<br>• बसाई सरी आएको भए बसाई सराई, लाल पुर्जा, घरकर रसिद, बिजुली बिल, पानीको बिल<br>• अन्य जिल्लाबाट ना.प्र.प. लिएकाको हकमा सोको अभिलेख | प्रमाण पुगेको भए सोही दिन | रु.२० को टिकट | सम्बन्धित फाँट प्रमुख | कार्यालय प्रमुख/ शा.अ. | |
| २. | ई राहदानी (नयाँ) | • अनलाइन राहदानी आवेदन<br>• नागरिकता प्रमाणपत्र सक्कल<br>• रकम दाखिला गरेको भौचर | राहदानी को लागि विवरण संकलन गरेको ३० दिन भित्रमा राहदानी प्राप्त हुनेछ। | रु.५०००/- | सम्बन्धित फाँट प्रमुख | कार्यालय प्रमुख/ शा.अ. | |
| २.१ | ई राहदानी (नविकरण) | • अनलाइन राहदानी आवेदन<br>• नागरिकता प्रमाणपत्र सक्कल<br>• पुरानो राहदानी सक्कल<br>• पुरानो राहदानीको म्याद १ बर्ष भन्दा कम भएको भए नियमित दस्तुर र १ बर्षभन्दा बढी भए दोब्बर दस्तुर तिरेको भौचर | | रु.५०००/- | सम्बन्धित फाँट प्रमुख | कार्यालय प्रमुख/ शा.अ. | |
| ३. | नावालक परिचयपत्र | • निवेदन<br>• स्थानीय तहको फोटो प्रमाणित सहित किटानी सिफारिस<br>• बाबु/आमाको ना.प्र.प.<br>• जन्मदर्ता प्रमाणपत्र (विदेशमा जन्म भएको भए सोको सक्कलै प्रमाण)<br>• विदेशमा जन्म भएको भए : बाबु आमाको राहदानी, ट्राभल डकुमेन्ट, Birth Certificate, विवाह दर्ता प्रमाणपत्र, स्वयं बाबु वा आमा उपस्थित नभएमा एकाघरको अन्य व्यक्तिले सनाखत गर्दा सो व्यहोरा खुलेको स्थानीय तहको सिफारिस र नाता प्रमाणित प्रमाणपत्र<br>• शैक्षिक योग्यताको प्रमाणपत्र<br>• फोटो २ प्रति | प्रमाण पुगेको भए सोही दिन | रु.१० को टिकट | सम्बन्धित फाँट प्रमुख | कार्यालय प्रमुख/ शा.अ. | |
| ४. | व्यक्ति प्रमाणित | • निवेदन र ना.प्र.प.प्रतिलिपि<br>• विवरण फरक पर्न गएको प्रमाण | प्रमाण पुगेको भए सोही | रु.१० को टिकट | सम्बन्धित फाँट प्रमुख | कार्यालय प्रमुख/ | |

अनिल रिजाल
शाखा अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
लमही, दाङ

अनिल रिजाल
शाखा अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कागजात<br>• फोटो टाँस सहितको स्थानीय तहको किटानी सिफारिस<br>• फोटो २ प्रति<br>• प्रहरी प्रतिवेदन (आवश्यकतानुसार) | दिने | | | शा.अ. | |
| ५. | शान्ति सुरक्षाको निवेदन | • व्यहोरा खुलेको निवेदन<br>• परिचय खुल्ने प्रमाण<br>• निवेदनको व्यहोरा पुष्टि हुने कागजात | प्रमाण पुगेको भए सोही दिन | रु.१० को टिकट | सम्बन्धित फाँट प्रमुख | कार्यालय प्रमुख/ शा.अ. | |
| ६. | जनसरोकारका गुनासो वा ठाडो उजुरी | • व्यहोरा खुलेको निवेदन<br>• परिचय खुल्ने प्रमाण<br>• निवेदनको व्यहोरा पुष्टि हुने कागजात | प्रमाण पुगेको भए सोही दिन | रु.१० को टिकट | सम्बन्धित फाँट प्रमुख | कार्यालय प्रमुख/ शा.अ. | |

१२. निर्णय गर्ने प्रक्रिया र अधिकारीः- प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम शाखा अधिकृत (कार्यालय प्रमुख) बाट ।

१३. निर्णय उपर उजुरी सुन्ने अधिकारीः- प्रमुख जिल्ला अधिकारी, दाङ ।

१४. सम्पादन गरेको कामको विवरणः- २०८१ श्रावण देखि २०८२ असार मसान्त सम्म ।

१. सम्पादित मुख्य कार्यहरुको विवरण

| क्र. सं. | सम्पादित प्रमुख कार्यहरु | जम्मा संख्या | कैफियत |
|---|---|---|---|
| १. | नागरिकता विवरण | | |
| | क. वंशज | ४८८५ | |
| | ख. जन्मका सन्तानलाई वंशज | २४ | |
| २. | नावालक परिचयपत्र वितरण | ७५ | |
| ३. | प्रतिलिपी नागरिकता वितरण | २३५२ | |
| ४. | राहदानी सिफारिस | ४९३१ | |
| ५. | जातजाती प्रमाणित | ७६२ | |
| ६. | अन्य प्रमाणित र सिफारिस | ६० | |
| ७. | बजार अनुगमन | ४ | |
| ८. | राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन र वितरण | १२०१० | वितरण नभएको |
| ९. | कार्यालय अनुगमन | १ | |
| १०. | ठाडो उजुरी | ४ | |

१५. आर्थिक प्रशासन सम्बन्धी

क. पूंजीगत खर्च

अखिल रिजाल
शाखा अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय
लमही, दाङ

| वार्षिक बजेट (इलाका प्रशासन कार्यालय तर्फ) | आ.व. ०८१/८२ को बार्षिक खर्च | बार्षिक बजेट (राष्ट्रिय परिचय पत्र तर्फ) | आ.व. ०८१/८२ को बार्षिक खर्च | कैफियत |
|---|---|---|---|---|
| ५,३३,०००/- | ३,६२,२९६/- | ५०,०००/- | ३७,४९३/- | ६८.५७% |

**ख. चालु खर्च**

| वार्षिक बजेट (इलाका प्रशासन कार्यालय तर्फ) | आ.व. ०८१/८२ को बार्षिक खर्च | बार्षिक बजेट (राष्ट्रिय परिचय पत्र तर्फ) | आ.व. ०८१/८२ को बार्षिक खर्च | कैफियत |
|---|---|---|---|---|
| ५९,०२,०००/- | ५४,८०,०२०।७०/- | ९,३४,०००/- | ८,८३,२५४/- | ९३.०८% |

**१६. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद :-**

क. कार्यालय प्रमुख :- श्री अनिल रिजाल (९८५७८४०२२३)

ख. सूचना अधिकारी :- श्री देवी खनाल (९८५७८४१२२३)

**१७. ऐन नियम विनियम वा निर्देशिकाको सूचीः-**

- स्थानीय प्रशासन ऐन, २०२८
- नागरिकता ऐन,२०६३
- नागरिकता नियमावली,२०६३
- नागरिकता वितरण कार्यविधि निर्देशिका, २०६३
- अधिकार प्रत्यायोजन पत्र

**१८. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण**

यस वर्ष राहदानी वितरण वापत यस कार्यालयमा जम्मा हुन आएको जम्मा राजश्वः रु.२,०९,३५,०००/- (अक्षरुपी दूई करोड नौ लाख पैंतिस हजार मात्र) ।

**१९. तोकिए बमोजिमका अन्य विवरणः छैन।**

**२०. अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण** :- छैन ।

**२१. सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण :-**

Website :- aaolamahi.moha.gov.np

E-mail :- aaolamahi@gmail.com

Facebook Page :- इलाका प्रशासन कार्यालय लमही, दाङ

Phone Number :- ०८२-४१७०६०

नेपाल सरकार गृह मन्त्रालय इलाका प्रशासन कार्यालय लमही, दाङ

अनिल रिजाल
शाखा अधिकृत

Fax Number :- ०८२-४१७०९५

२२. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः- छैन ।

२३. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः- छैन ।

२४. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि- छैन ।

२५. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः- लिखित रुपमा माग नभएको, मौखिक सूचना नियमित रुपमा दिइएको ।

२६. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण :-

Website : aaolamahi.moha.gov.np

Facebook Page :- इलाका प्रशासन कार्यालय लमही, दाङ।

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय
लमही, दाङ

अनिल रिजाल
शाखा अधिकृत